## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड: ७ | संख्या: १ | मितिः २०८०/०१/२५ |

**भाग-२**

## लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**जैमिनी नगरपालिका**

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

# लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०१/२५**

## प्रस्तावनाः

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रम सङ्ख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) को व्यवस्थालाई कार्यान्वयन गर्न जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगर कार्यपालिकाले लिड स्कुल सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८० जारी गरेको छ।

## परिच्छेदः १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नामः लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "उप प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "शिक्षा शाखाको प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुखको रुपमा कार्यरत उप सचिव सम्झनु पर्दछ ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

ङ) "लिड स्कुल" भन्नाले नेपाल सरकारबाट निरन्तर पूर्ण अनुदान प्राप्त गर्ने माध्यमिक तह सञ्चालित विद्यालयहरु मध्येबाट स्थानीय तहको स्वीकृत कार्यविधिको मापदण्ड बमोजिम छनौट भई सञ्चालन तथा व्यवस्थापन गरिएको विद्यालय सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले जैमिनी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा शाखा" भन्नाले जैमिनी नगरपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(झ) "विद्यालय" भन्नाले बिद्यमान ऐन, नियम बमोजिम स्थापना भई संचालनमा रहेका अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(ञ) "वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २
## लिड विद्यालयको अवधारणा

### ३. अवधारणा

विद्यालय तहको शिक्षामा समन्यायिक पहुँच र समता कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, लक्षित विद्यार्थीहरुलाई आवासीय सुविधा सहितको व्यवस्थापन प्रयोजनको लागि जैमिनी नगर पालिकाको नीति तथा कार्यक्रम बमोजिम नगरपालिका भित्र सञ्चालित माध्यामिक विद्यालयहरु मध्येबाट प्रतिस्पर्धाका आधारमा कुनै एक विद्यालय छनौट गरी लिड स्कुलको रुपमा सञ्चालन गर्ने र जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाती, अल्पसङ्ख्यक, बेपत्ता तथा सहिद परिवारका सन्ततिहरुलाई आवासीय समेतको रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिश्चितता गर्दै नगरक्षेत्रका तथा वाहिरका विद्यार्थीको रोजाईको उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने ।

**४. उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु निम्नलिखित रहेका छन्।

(१) नगरक्षेत्र भित्रको उत्कृष्ट विद्यालयलाई लिड स्कुलको रुपमा स्थापना गर्ने जुन आवासीय समेत हुने,

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(२) नगरभित्रका माध्यामिक विद्यालयहरु मध्येबाट प्रस्तावना माग गरी कुनै एक विद्यालय छनौट गर्ने,

(३) जेहेन्दार र विपन्न वर्गका विद्यार्थीहरुलाई आवासीय छात्रावासमा राखि अध्ययनमा प्रोत्साहन गर्ने,

(४) लक्षित वर्गका विद्यार्थीहरुले निशुल्क आवासीय छात्रवृति पाउने व्यवस्था मिलाउने,

(५) गुणस्तरीय तथा समतामुलक शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्ने,

(६) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने

(७) विद्यालयहरुको क्षमतामा सुधार गरी रुपान्तरणको गतिलाई तिब्रता प्रदान गर्ने

(८) प्रत्येक वडाका एक प्रतिनिधिमुलक र सुविधा सम्पन्न विद्यालयको प्रस्तावना अध्ययन गर्ने, स्थलगत अनुगमन गर्ने र उत्कृष्ट एक विद्यालयलाई लिड स्कुलको रुपमा स्थापित गर्न आवास व्यवस्थापन गर्ने ।

## परिच्छेदः ३
## समिति सम्बन्धी व्यवस्था

५. नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिको गठन

(१) नगरपालिका भित्रका विद्यालयको प्रस्तावना मुल्याङकन गरी उत्कृष्ट विद्यालयलाई छनौट गर्ने र लिड स्कुलको रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था गर्न जैमिनी नगरपालिकामा देहायका सदस्यहरु रहेको एक नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिको गठन हुनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख - | अध्यक्ष |
| ख) उप प्रमुख- | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक - | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख - | सदस्य सचिव |

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(२) समितिको बैठक सम्बन्धी व्यवस्थाः

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिले शिक्षा क्षेत्रका बिज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । बैठक सञ्चालन सम्बन्धी कार्यविधी समिति आफैले तयार गरे बमोजिम हुनेछ।

(३) समितिको बैठक बसे बापत र अनुगमनमा खटिदा नगरपालिकाबाट प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

६. नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः

(१) नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) प्रस्तावना फाइल पेश भएका विद्यालयहरुको स्थलगत अनुगमन तथा अध्ययन गर्ने,

ख) विद्यालयहरुले पेश गरेको प्रस्तावना मुल्याङ्कन, छनौट तथा स्वीकृत गर्ने,

ग) सुचना प्रकाशन, प्रस्ताव संकलन, स्थिति विश्लेषण र नतिजा प्रकाशन गरी सोको जानकारी गराउने व्यवस्था मिलाउने,

घ) अन्य पालिका वा जिल्लामा रहेका नमुना तथा आवासीय विद्यालयको अध्ययन, अनुगमन तथा भ्रमण गरी प्राप्त अनुभव र ती विद्यालयहरुले गरेका असल अभ्यासहरुलाई कार्यान्वयन गर्ने गराउने,

ङ) छनौट भएको विद्यालयले भविष्यमा नगरस्तरमा शैक्षिक उत्कृष्टता प्रदान गर्न सक्ने सुनिश्चितता गर्ने।

च) लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति तर्जुमाका लागि नगर कार्यपालिका समक्ष राय सुझाव पेश गर्ने ।

७. वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिको गठन

(१) वडास्तरका माध्यामिक तह सञ्चालित विद्यालयहरु मध्येबाट एक विद्यालयको प्रस्तावना छनौट गरि सिफारिस गर्न देहायका सदस्यहरु रेहेको एक वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिको गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| क) सम्बन्धित वडाको वडाअध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडा समितिको सदस्यहरुबाट संयोजकले मनोनित गरेका १ जना महिला सहित २ जना | सदस्य |
| ग) सम्बन्धित वडाका माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष हरुमध्येबाट संयोजकबाट मनोनित १ जना | सदस्य |

घ) वडाको उच्चतम विद्यालयका प्रधानाध्यापक सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी व्यवस्था-

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक सम्बन्धी कार्यविधी समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार बिज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

८. वडा स्तरीय विद्यालय छनौट समितिको काम कर्तब्य र अधिकारः वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहने छ।

(१) नगरपालिकाको सूचना अनुसार विद्यालयहरुसँग अनुसुची १ बमोजिमको ढाँचामा प्रस्तावना माग गर्ने,

(२) वडास्तरमा सञ्चालित माध्यमिक विद्यालयहरुको स्थलगत अनुगमन प्रतिवेदन तयार गर्ने,

(३) पेश भएका प्रस्तावनाहरुको मुल्याङकन गर्ने,

(४) आवश्यकता र उत्कृष्टताका आधारमा कुनै एक विद्यालय छनौट गरी प्रस्तावना सहितको सक्कल फाइल ५ दिन भित्र नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद ४
## छनौट प्रकृया

९. लिड स्कुल छनौटका लागि गरिने प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) प्रस्ताव माग गर्ने ।

(क) नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण इच्छुक माध्यमिक विद्यालयहरुमध्ये प्रत्येक वडाबाट वडा स्तरीय छनौट तथा सिफारिस समितिले सिफारिस गरेको कुनै एक विद्यालयको दरले १० वटै वडाका १० वटा विद्यालय मार्फत लिड स्कुल सञ्चालनका लागि प्रस्तावना माग गर्न कम्तिमा ७ दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ । प्रस्ताव सम्बन्धी सुचनाको ढाचाँ अनुसुची -१ बमोजिम हुनेछ ।

(ख) उपदफा (१) (क) बमोजिमको सूचना नगरपालिकाको वेवसाइट वा अन्य विद्धुतीय माध्यम तथा पत्रपत्रिका र सम्बन्धित वडा कार्यालयको सूचनापाटीमा समेत प्रकाशन गरिनेछ ।

(२) प्रस्ताव पेश गर्ने ।

(क) नगरपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरुले उपदफा (१) (क) बमोजिमको सूचनाको म्यादभित्र आवास सहितको लिड स्कुलको सञ्चालनका लागि प्रस्तावना तयार गरी पेश गर्नुपर्नेछ ।

(३) प्रस्ताव छनौट र स्विकृति ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(क) प्राप्त हुन आएका प्रस्तावहरुको आवश्यकता र उत्कृष्टताका आधारमा वा कार्ययोजनाका आधारमा दफा ५ को उपदफा (१) बमोजिम गठन भएको समितिले विद्यालयको प्रस्तावना स्वीकृत तथा छनौट गर्नेछ।

१०. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता ।

(१) स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनको लागि सम्बन्धित विद्यालयले नगरपालिकासँग ७ दिन भित्रमा सम्झौता गरी सक्नु पर्नेछ ।

११. कार्यक्रम सञ्चालन ।

(१) विद्यालयले नगरपालिकासँग कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि कार्ययोजना र स्वीकृत अनुदान रकम निकासा लिई सञ्चालन तथा व्यवस्थापनका कार्य गर्नुपर्नेछ ।

## परिच्छेद ५
## विद्यालय छनौटका आधार तथा प्रकृया

१२. लिड स्कुल छनौटका आधार तथा प्रकृयाः

(१) लिड स्कुल छनौटका आधारहरु देहाय बमिजिम हुनेछन् ।

(क) जैमिनी नगरपालिकाको कुनै एक माध्यमिक विद्यालयलाई लिड स्कुलका लागि छनौट गरिनेछ।

(ख) अनुसुची १ बमोजिमको निवेदनका आधारमा लिड स्कूल सञ्चालनका लागि प्रस्तावना स्वीकृत भएका विद्यालयको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि शिक्षा शाखामा प्राप्त निवेदन तथा प्रस्तावनाहरुको छानविन र मुल्याङ्कन गर्नुपर्नेछ।

(ग) मुल्याङकनमा आएको परिणामलाई आधार मानी विद्यालयको छनौट गरी विद्यालयलाई जानकारी दिइनेछ ।

(घ) लिड स्कूलमा छनौट हुन माध्यमिक विद्यालय सञ्चालन भएको सामुदायिक विद्यालय हुनुपर्नेछ।

(ङ) भौतिक र शैक्षिक पुर्वाधार निर्माणका लागि विद्यालय नजिक आफ्नो स्वामित्वको कम्तिमा ६ रोपनी जग्गा हुनुपर्नेछ र क्रमशः लिजमा समेत गरि २० रोपनी सम्म जग्गाको व्यवस्था गर्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(च) विद्यालयमा कक्षा १ देखि १२ सम्ममा कम्तिमा ३०० जना विद्यार्थी हुनुपर्नेछ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(छ) लिड स्कुलको प्रस्तावको साथ सम्बन्धित विद्यालयले कुल लागत रकमको कम्तीमा १०% रकम लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता गर्नुपर्नेछ।

(ज) अन्य शर्तहरुमा विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको, विद्यालयले सामाजिक परीक्षण, लेखा परीक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको, तोकिएको समयमा विद्यालयको तथ्याङक दुरुस्त हुने गरी IEMIS मा भरेको वा सम्बन्धित निकायमा पेश गरेको हुनुपर्नेछ ।

(२) छनौट प्रकृया देहाय बमोजिम हुनेछन ।

(क) शिक्षा शाखाले पेश भएका फाइलहरु नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समिति समक्ष छनौटका लागि पेश गर्नुपर्नेछ।

(ख) नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिले प्राप्त फाइलहरुको छानविन र मुल्याङकन गरी स्थलगत अनुगमन र सम्भाव्यता समेत अध्ययनको आधारमा लिड स्कुल छनौट गर्नेछ ।

## परिच्छेद ६

## लिड स्कुल सञ्चालन तथा व्यवस्थापन प्रस्ताव र पूर्वाधार

**१३.** लिड स्कुल विकास प्रस्तावः

(१) प्रत्येक विद्यालयले लिड स्कुल सञ्चालन तथा व्यवस्थापन विकास प्रस्ताव तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिमा पेश गर्नुपर्नेछ ।

१४. लिड स्कुलको लागि आवश्यक शैक्षिक पूर्वाधार देहाय बमोजिम हुनेछन् ।

(१) शिक्षण सिकाई क्रियाकलाप व्यवहार कुशल सीपमा आधारित हुनुपर्नेछ ।

(२) शिक्षण सिकाई क्रियाकलापका लागि पर्याप्त शैक्षिक सामाग्रीको व्यवस्था भएको हुनुपर्नेछ।

(३) प्रत्येक कक्षा कोठामा विषयगत बुक कर्नरको व्यवस्था हुनुपर्नेछ।

(४) विद्यालयले प्रत्येक वर्ष विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन तथा अवलोकन भ्रमण गराउनु पर्नेछ।

(५) विद्यालयले सिकाई व्यवस्थापन तथा प्रवर्द्धनात्मक कार्यहरुको अनुभव आदान प्रदान गर्न विद्यालयहरुबीच सञ्जाल निर्माण गर्नुपर्नेछ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(६) विद्यालयले कक्षागत रुपमा कार्यतालिका बनाइ कम्तीमा मासिक रुपमा अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

१५. लिड स्कुलका लागि आवश्यक भौतिक पूर्वाधार देहाय बमोजिम हुनेछन ।

(१) विद्यालय भवन तथा कक्षा कोठाः बालमैत्री, अपाङगमैत्री, लैङ्गिकमैत्री, विपद् प्रतिरोधात्मक साथै प्रचलित कानुनले तोकिएको मापदण्ड अनुसार कक्षा कोठाको सङ्ख्या र पूर्वाधारहरु उपलब्ध हुनुपर्नेछ ।

(२) आधुनिक शिक्षण पद्दति अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षा कोठा व्यवस्थित हुनुपर्नेछ।

(३) पुस्तकालयः सबै कक्षाका लागि सबै विषयक्षेत्र समेटिएको एक व्यवस्थित पुस्तकालयको व्यवस्था हुनुपर्नेछ। जसमा एकै पटक कम्तिमा २० जना विद्यार्थीले पढ्न सक्ने हुनुपर्नेछ।

(४) प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्री सहितको प्राथमिक उपचार वाकस र कक्षको व्यवस्था हुनुपर्नेछ । साथै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि विद्यालयका स्वास्थ्य शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ।

(५) प्रत्येक विद्यालयमा शिक्षक, अभिभावक, तथा विद्यार्थी सहितको एक मनोपरामर्श समिति गठन गरी उक्त समितिलाई विद्यालयमा आईपर्ने मनोसामाजिक समस्याको समाधान गर्ने जिम्मेवारी दिनुपर्नेछ।

(६) प्रत्येक विद्यालयमा एक लैंगिक फोकल पर्सन (महिला शिक्षक) को व्यवस्था हुनुपर्नेछ।

(७) विद्यालयमा सबै विद्यार्थीका लागि आवश्यक खेलमैदान हुनुपर्नेछ र सबै विद्यार्थीको लागि आवश्यक खेल सामाग्रीको उचित व्यवस्था हुनुपर्नेछ।

(८) विद्यालयमा एक चमेनागृहको व्यवस्था गर्नुपर्नेछ। र चमेनागृहमा ताजा तथा स्वास्थ्यवर्धक खाना तथा खाजाको व्यवस्था हुनुपर्नेछ साथै कक्षा १ देखि ६ सम्म निशुल्क र कक्षा ६ देखि माथि उचित मुल्य निर्धारण गर्नुपर्नेछ ।

(९) विद्यालयमा वालमैत्री, अपाङगमैत्री तथा लैङ्गिकमैत्री सुविधा सहितको शौचालयको व्यवस्था हुनुपर्नेछ। शौचालय शिक्षक, कर्मचारी तथा विद्यार्थीका लागि छुट्टाछुट्टै हुनुपर्नेछ। महिला शिक्षक मैत्री स्तनपान कक्षको समेत व्यवस्था हुनु उपयुक्त मानिनेछ।

(१०) विद्यालयमा सेनिटरी प्याड र डिस्पोजल मेसिन राखिनु पर्नेछ । साथै फोहोरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्नुपर्नेछ।

(११) बिद्यालयमा करेशाबारी एवम् बगैंचा निर्माण र पढ्दै कमाउदै गर्ने व्यवस्थाका लागि जग्गाको आवश्यक प्रबन्धका साथै नजिकका सफल व्यबसायी र फर्म व्यवसायमा अवलोकन र अनुभव साटासाट गर्दै उत्पादन तथा आय आर्जनका कार्यहरुमा जोड्ने व्यवस्था मिलाउनु पर्नेछ ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

१६. नगरपालिकाको भुमिका देहाय बमोजिम हुनेछ ।

(१) लिड स्कूलको प्रभावकारी संचालन र व्यबस्थापन हुन स्रोत परिचालनका लागि आवश्यक कार्यक्रम र वजेट व्यबस्थाका साथै सोका लागि संघ, प्रदेश र अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु सँग सहकार्य र आवश्यक समन्वय एवम् पहलकदमी गर्ने ।

(२) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुर्याउने र आवश्यक निर्देशन दिने ।

(३) लिड स्कूल स्वीकृत गर्ने र कार्यान्वयन भए/नभएको अनुगमन गर्ने।

(४) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

१७. शिक्षक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार बालबिकासका लागि उपलब्ध भएसम्म मन्टेश्वरी तालिम प्राप्त शिक्षक, आधारभुत तह कक्षा १-५ का लागि विद्यार्थी संङ्ख्याको आधारमा तथा कक्षा ६-१२ सम्म विषयगत शिक्षकको व्यवस्था भएको हुनुपर्नेछ।

(२) प्रत्येक शिक्षक तालिम प्राप्त र बालकेन्द्रित शिक्षण जानेको हुनुपर्नेछ।

(३) शिक्षकले शिक्षण सिपका साथै बाल प्रतिभा पहिचान गर्न सक्ने खालका परियोजनामा आधारित क्रियाकलाप गराउन सक्ने सक्षमता राख्नुपर्नेछ।

## परिच्छेद ७

## छनौट भएको विद्यालयको आवास व्यवस्थापन तथा पूर्वाधार निर्माण

१८. प्रस्तावनाको आधारमा लिड स्कुलको रुपमा छनौट भएको विद्यालयमा देहाय बमोजिमको आवासको व्यवस्थापन र पूर्वाधारका अन्य कार्यहरु मापदण्डमा आधारित भई गर्नुपर्नेछ ।

(१) विद्यालयमा अध्ययनरत आवासमा बस्ने सबै विद्यार्थीको लागि एक चमेनागृह निर्माण र आवश्यक सामाग्री व्यवस्थापन गर्ने ।

(२) छात्रावासमा बस्ने विद्यार्थीको लागि छात्र/छात्रा छुट्टाछुट्टै सुत्ने कोठाको व्यवस्थापन गरी आवश्यक सामाग्रीको (बेड, बेडसिट, कार्पेट, पर्दा, र्‍याक आदी) व्यवस्थापन गर्ने।

(३) छनौट भएको लिड स्कूलले वगैचा निर्माण र साना वालवालिका मैत्री खेलपार्क निर्माण गर्ने सोका लागि अलग्गै क्षेत्र समेत निर्धारण गर्ने ।

१९. आवास व्यवस्थापन तथा बगैंचा निर्माण र साना वालवालिका मैत्री खेलपार्क निर्माण रकमः

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(१) लिड स्कुलको आधार निर्माण गर्ने प्रयोजनको लागि दफा १८ को उपदफा (१), (२) र (३) बमोजिमको व्यवस्थापनका लागि नगरपालिकाबाट रु. ८०००००।- (अक्षरुपी आठ लाख रुपैंया मात्र) उपलब्ध गराइनेछ ।

(२) लिड स्कुलको आवास व्यवस्थापन र अन्य पूर्वाधार निर्माण कार्य गर्दा कुनै मापदण्ड तोकिएकोमा सोही बमोजिम र अन्यथा प्राविधिकको इस्टिमेट सहित सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## नमुना तथा आवासीय विद्यालय अध्ययन भ्रमण तथा अनुगमन र अभिमुखिकरण

२०. (१) नगरपालिकामा एक लिड स्कुल स्थापनाको लागि आधार तय गर्ने उद्देश्यले नगरस्तरीय लिड स्कुल सञ्चालन तथा व्यवस्थापन समिति र समितिले सिफारिस गरेको बढिमा ३ जनाको समूहले भ्रमण तथा अध्ययन गर्न सक्नेछ । अध्ययन तथा भ्रमणमा तपशिल बमोजिमका कार्यक्रम रहनेछन्।

क) कम्तीमा कुनै २ उत्कृष्ट नमुना तथा आवासीय विद्यालयको व्यवस्थापकीय तथा सम्पूर्ण पक्षको अवलोकन गर्ने ।

ख) आवश्यक स्रोत व्यवस्थापनका लागि नविनतम अभ्यासहरुको जानकारी लिने ।

ग) भ्रमणबाट सिकेका ज्ञान सीपका आधारमा प्रतिवेदन समेत तयार गरी नगरमा लिड स्कुल प्रस्तावनाका आधार निर्माण गर्ने ।

(२) भ्रमण सम्बन्धी खर्च व्यवस्थापनः दफा २० को उपदफा (१) बमोजिमको समितिले अध्ययन तथा भ्रमण गर्दा रु. १०००००।- (अक्षरुपी एक लाख रुपैया मात्र) सम्म खर्च गर्न सक्नेछ । यसरी गरिएको खर्चको बिल भरपाई प्रतिवेदन सहित नगरकार्यालिकामा पेश गर्नुपर्नेछ।

२१. अभिमुखिकरण सम्बन्धी व्यवस्थाः

(१) नमुना तथा आवासीय विद्यालय अध्ययन भ्रमण पश्चात् सोको प्रतिवेदनका आधारमा यस नगरपालिका स्थित सम्पूर्ण माध्यामिक विद्यालयहरुका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई शिक्षा युवा तथा खेलकुद शाखाको संयोजनमा विज्ञ सहितको प्रशिक्षकबाट १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(२) अभिमुखिकरण कार्यक्रममा माध्यमिक बिद्यालयका प्रधानाध्यापकहरु र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई लिड स्कुलको प्रावधान, कार्ययोजना, र प्रस्तावना निर्माणको मार्गदर्शन सम्बन्धमा जानकारी गराइनेछ ।

(३) अभिमुखिकरण कार्यक्रममा रु. १०००००।- (अक्षरुपी एकलाख रुपैया मात्र) खर्च गर्न सकिने छ ।

## परिच्छेद ९
## विविध

२२. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ।

२३. संशोधनः यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

२४. खारेजी र बचाउः यस कार्यविधिमा प्रष्ट नभएका तथा उल्लेख नभएका कुरा संघीय तथा प्रदेश कानुन बमिजिम हुने र नेपालको संविधान, संघीय तथा प्रदेश कानुनसँग यस कार्यविधिको कुनै कुरा बाझिन गएमा बाझिएको हद सम्म अमान्य र बदर हुनेछ।

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

अनुसुची — १

(दफा ८ (१) सँग सम्बन्धित)

(लिड स्कुल छनौटको लागि पेश गर्ने आवेदनको ढाँचा)

मितिः.........................

श्री जैमिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कुश्मीसेरा, बागलुङ ।

विषयः लिड स्कुल छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा नगरपालिकाको मिति...................................मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र ......................देखि माध्यमिक विद्यालयले लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० मा तोकिएको न्यूनतम शर्तहरु पूरा गरेकोले लिड विद्यालयको रुपमा छनौट हुन देहाय अनुसारका विवरण सहित निवेदन पेश गरिएको छ ।

(क) प्रस्तावित आवासिय लिड विद्यालयको :

१. नामः

२. ठेगानाः ................................. नगरपालिका. ............... वडा नं. .............. टोल फोनः ................... फ्याक्स नं. ................

३. किसिमः

(१) सामुदायिक

(२) संस्थागत

(अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. हाल संचालनमा रहेको तह र सञ्चालन कक्षाः

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

(ख) प्रस्तावित आवासीय विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :

१. भवनकोः

(१) संख्याः

(२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

२. कोठाको विवरणः

| कोठाको संख्या | लम्बाई | चौडाई | उचाई | झ्याल ढोकाको अवस्था | प्रकाश वत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. फर्निचरको संख्याः

(१) डेस्कः (२) बेञ्चः (३) टेबलः

(४) दराजः (५) मेचः (६) अन्यः

४. खेलकूद मैदानको अवस्था र जग्गाः (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या : (१) छात्रले प्रयोग गर्ने संख्याः

(२) छात्राले प्रयोग गर्ने संख्याः

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८. विज्ञान प्रयोगशालाः सामग्रीः

८. सूचना प्रविधि प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामाग्रीको विवरणः

(ग) विद्यार्थी संख्याः (हालको) विद्यार्थी संख्याः (प्रस्तावित)

| कक्षा | संख्या | कक्षा | संख्या |
|---|---|---|---|
| १ | | १ | |
| २ | | २ | |
| ३ | | ३ | |

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(घ) तहगत शिक्षक संख्याः (हालको) (प्रस्तावित)

(ङ) आर्थिक विवरणः (हालको)

१. अचल सम्पत्तिः

२. चल सम्पत्तिः

३. वार्षिक आम्दानीः

४. आम्दानीको स्रोतः

माथि लेखिएका विवरण हरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको-

सहीः

नामः

ठेगानाः

मितिः

बिद्यालयको छाप

संलग्न कागजातहरुः

१. लिड स्कुलको समग्र शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धी प्रस्तावना
२. विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रतिबद्धता
३. शिक्षक स्टाफको निर्णय
४. सम्बन्धित वडा कार्यालयको सिफारिस
५. विद्यालयको लिड स्कुल सञ्चालनको लागि पञ्च वर्षीय कार्ययोजना
६. सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

लिड स्कुल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०